**सि आशा फाउण्डेशन द्धारा सञ्चालित आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रको खोज रचनात्मक परिषद समुहले २०२२ जनवरी महिना बाट विद्यालयिय गतिविधिहरु बारे जानकारि दिने उद्देश्य अनुरुप भित्तेपत्रिका प्रकाशन गर्दै आएको छ, यसै अनुरुप यो चौथो कोशेलि यहाँहरु माझ ल्याएका छौ ।**

## खुशिको रङ्ग







रङ्गहरुको पर्व होलि यस वर्ष पनि सि आशा फाउण्डेशन द्धारा सञ्चालित आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रले आफ्ना विद्यालयमा अध्ययनरत विद्यार्थीहरु सगँ मनाएको छ । विभिन्न थरिका रङ्गहरु सगँ खेल्न पाउदा भिन्न क्षमता भएका बालबालिकाहरु धेरै खुशि हुने गरेका छन् । हेटौडा उपमहानगरपालिका ७ हरियालि टोलमा रहेको तथा ललितपुर २ सानेपामा रहेको विद्यालयमा अध्ययनरत विद्यार्थीहरु सगँ शिक्षिकाहरुले एकआपसमा होलि पर्व मनाईएको हो । हेटौडा उपमहानगरपालिका ७ हरियालि टोलमा रहेको विद्यालयमा विद्यालयकी संस्थापक आईना वार्काले पालैपालो रङ्ग लगाई होलिको शुभकामना आदान प्रदान गर्नुभएको थियो । होलिको गित सगिंतमा नाच्दै होलि पर्व मनाउदा विद्यार्थीहरुमा खुशियाली छाएको र उनिहरुलाई चाडपर्वहरु मनाउदा रमाईलो हुने अनुभव एकआपसमा साटासाट गर्दै होलि पर्व मनाएका हुन् ।

## आमा आमा आमा

त्यो सानो बालक देखि आज सम्म कति दुख कति पिडा होला नि आमा
दिनु भयो त्यो न्यानो काख, माया र ममता आज सम्म
कति अटुट छ तिम्रो माया, तिम्रो दया ए आमा
म रुदा कराउदा पुछि दिनु भयो आशु आज सम्म
सधै मेरो निम्ति बाच्ने, मेरो खुशिमा हास्ने मेरि आमा
मलाई पहिलो बोलि बोल्न सिकायो र बोलि रहेछु आमा
मलाई पहिलो पाईला सार्न सिकायौ, यो सारा संसार देखायौ
त्यसैले तिमि कति महान छौ आमा
आफ्नो आशु लुकाएर झुटो हासो देखाएर
कसरि बाँच्नु भयो नि आज सम्म ।
आफ्नो गासँ दिएर, मेरो सबै दुख लिएर
मेरि प्यारि आमा आमा आमा !

**सम्झना गुरुङ**



**हो म यहि देशको नागरिक**

हो म यहि देशको नागरिक भन्न रुचाउछु ।
देश हराए पनि आफुलाई चिनाउन चाहान्छु ।
देशका निम्ति लेखिरहदा मेरो कलम स्वतन्त्र होस भन्न चाहान्छु ।
जहा कुनै दवाव नहोस,
शब्दहरु खुम्चिएर शब्दका विच अभाव नहोस ।
म यहि देशको नागरिक भनेर चिनाउन चाहान्छु ।
जहाँ महङ्गि ले उकालो टेकिरहन्छ
अनि पारिश्रमिक ओरालो झर्ने देश
हो त्यहि महङ्गि सित जुध्न परदेशिएका मेरा बा अझै देश फिरेनन
मेरा बा ले मेरो बालापन देख्नै पाएनन
हुने खाने भन्दा पनि हुदा खाने भनेर आफुलाई चिनाउन चाहान्छु ।
हो म यहि देशको नागरिक भन्न रुचाउछु
रेमिट्यान्स ले धानेको कठै मेरो देश भनिरहदा मलाई दया लाग्छ ।
देशको निति नियम माथि नै शंका उपशंका लाग्छ ।
कहिल्य त एक्लै हासो लाग्छ ।
देशको परिस्थिति देखेर अजिव लाग्छ ।
भर्खरका युवा पर्देशिएका छन् ।
आराम गर्नुपर्नेहरु सत्ता र कुर्सि भनेर कुद्छन
हो मैले मेरो धरातल विर्सिएको छैन ।
देशलाई बदनाम गरौ भन्ने उद्देश्य हौ ।
अन्याय सम्बन्धि खबरदारि गर्ने गरौ ।
अधिकार को कुरा हो ।
यस्तै हो, भने मैले सरकार समक्ष गुहार माग्नुपर्छ ।
सक्छौ भने ए सरकार सबैतिर अनुगमन गर
स्वास्थ्य, शिक्षा, रोजगारि कायम गर
स्वास्थ्य संस्थामा सेनेटरि प्याड फि गर ।
पुरुषका विलासिताका सामानमा के निशुल्क गर्छौ ?
महिला मैत्रि हुने नाटक नगर ।
सक्छौ भने खाडि जाने युवा रोक,
अब यस्तै हो भने भावि पुस्ताले सोच्नुपर्छ,
अब ति दिन पर छैन जन्मिदै बच्चाको नामाकरण हैन
कुन देश जाने भनेर बाबु आमाले तोक्नुपर्छ
म चाहान्छु यस्तो स्थिति सिर्जना नहोस
महङ्गि नै न्युनिकरण गर्नुपर्छ ।
डिग्रि गरेको युवा प्राईवेट मा न्युनतम ज्यालामा काम गर्दा
एकचोटि तेतापनि हेर श्रोत र साधनलाई उपयोगि गर ।
यतिपनि सक्दैनौ भने ए सरकार प्रत्येक घरमा कपास वितरण गर
हाम्रा कान थुन अनि तिम्रा खोक्रो भाषण बन्द गर ।

**अन्जिता भुजेल**



**क्षितिज बानिया**
**आशा विशेष पाठशाला तथा आशा पुर्वव्यवसायिक तालिम केन्द्र**




**संसार खड्का**
**आशा विशेष पाठशाला तथा आशा पुर्वव्यवसायिक तालिम केन्द्र**

**गाऊँ**

हरियालि र सुन्दर छ मेरो गाऊँ
हिमालको दृष्यले मनमोहक छ मेरो गाऊँ ।

गट्टा र डन्डिबियो खेल्दै हुर्केको म
अझै सम्झनामा उस्तै छ मेरो गाऊँ ।

गाऊँ गाऊँ डुलेर साथिसगँ घुमेको
अनि खुशिले रमाई रमाई बितेको मेरो गाऊँ ।

उस्तै छ कि आज बद्लियो मेरो गाऊँ
सम्झनामा मात्रै आज कस्तो होला मेरो गाऊँ ।

**रमा कार्की**
**आशा विशेष पाठशाला तथा आशा पुर्वव्यवसायिक तालिम केन्द्र**



**शहिद दिवश**

शहिद दिवश देशको लागि प्राण आहुति दिने शहिद हरुको सम्झनामा थियो । शहिद मात्रै शब्दले ति अमर व्यक्तिलाई जनाउछ । जसले देशको जनताको अधिकार, संस्कृति रअस्तित्वको रक्षा गर्ने र हरेक देशभक्त नागरिकको मन मस्तिष्कमा रहि रहने गरि आम नागरिकको स्वतन्त्रताको लागि सधै भरि लडिरहे र आम नागरिकको मनमा सधै भरि रहि रहने गरि स्वतन्त्रताको लागि बलिदान दिए । देशको लागि अमुल्य योगदान दिएका जनताको उत्थान तथा हक अधिकारको स्थापनाको लागि लड्ने क्रममा आफ्नो ज्यानको बलिदान गरेका व्यक्तिलाई शहिद भनिन्छ । हाम्रो देशमा शहिदहरुले विभिन्न समयमा आफ्नो स्वाधिनता र स्वाभिमानकोसंरक्षणको लागि, प्राप्तिको लागि, तथा जनताको  हक हितका निम्ति आफ्नो प्राणको आहुति दिने विर शहिद हुन् । नेपालमा जहानिया राणा शासन विरुद्ध लडेका शहिदहरुको सम्झनामा शहिद दिवस मनाउन थालिएको हो । राणा शासन विरुद्ध लडेका विभिन्न धर्मभक्त माथेमा, दशरथ चन्द्र, गगांलाल श्रेष्ठ, र शुक्रराज शास्त्रिहरुलाई सम्झने गरिन्छ । यि विर शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

**अरुण दाहाल**
**आशा विशेष पाठशाला तथा आशा पुर्वव्यवसायिक तालिम केन्द्र**



**अजय गन्दर्भ**
**आशा विशेष पाठशाला तथा आशा पुर्वव्यवसायिक तालिम केन्द्र**



**अस्मिन शेरचन**
**आशा विशेष पाठशाला तथा आशा पुर्वव्यवसायिक तालिम केन्द्र**

## आशाको सपना साकार





विगत सन् २०१३ देखि सञ्चालनमा रहेको आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रले यस वर्ष बाट आफ्नो आशा आवाश गृहको सपना साकार पारेको छ । सन् २०१७ बाट भाडाको घर लिएर ११ जना बौद्दिक तथा शारिरीक रुपमा अपागंता भएका बालबालिकाहरुलाई आवाश गृहमा राखि शिक्षा, स्वास्थ्य, फिजियो थेरापि, विविध सिपमुलक तालिमहरुको व्यवस्था सहित सुविधा दिदै आईरहेको थियो । हाल आएर सन् २०२३ मा आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रको संस्थापक संरक्षक तथा आमा आईना वार्का न्यौपानेको निरन्तर अथक प्रयाशमा आज आवाश गृहको सपना पुरा भएको छ । ३ जना अभिभावकबिहिन नानिबाबुहरुको पालनपोषण शिक्षा स्वास्थ्यको सम्पुर्ण जिम्मेवारि लिईरहनुभएकि आईना वार्का न्यौपाने बौद्दिक तथा शारिरीक रुपमा अपागंता भएका अर्टिजम, डाउनसिन्ड्रोम, सि.पि लगाएतका समस्या भएका बालबालिकाहरुको लागि एउटा आशाको केन्द्रबिन्दु हुन् । बौद्दिक तथा शारिरीक रुपमा अपागंता भएका बालबालिकाहरुलाई आफ्नै घर परिवार छरछिमेक आफन्तले छि छि र दुरदुर गर्ने घरको कोठामा थुनेर राख्ने गरिरहेको हाम्रो नेपालि समाजमा यस्ता फरक तथा भिन्न क्षमता भएका बालबालिकाहरुले पनि उचित शिक्षा लालन पालन समयमा उपचार, विभिन्न सिपमुलक तालिम, फिजियोथेरापि लगाएतको आधारभुत आवश्यकता हरु परिपुर्ति गराईनुपर्ने र साथै माया हौशला दिए मात्र यस्ता फरक तथा भिन्न क्षमता भएका बालबालिकाहरुले पनि आफ्नो खुट्टामा उभिएर आफ्नो दैनिक जिवनयापन सहज रुपमा गर्न सक्नेछन् । तसर्थ यि सबै सेवा सुबिधा उपलब्ध गराईने हिसाबले अपागंमैत्रि आवाश गृह भवन निर्माण गरिएको हो ।

## खुशियालि र उमगंको चाडपर्वको

नेपालिहरु हरेक दिन हरेक समय विविध चाडपर्वहरु मनाई एक अर्कामा खुशि साटासाट गर्ने गर्छन । सि आशा फाउण्डेसन द्धारा सञ्चालित आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रले पनि हरेक चाडपर्वहरु आफ्नो विद्यालयमा अध्ययनरत बालबालिकाहरु सगं मनाउने गरेको छ । चाडपर्वहरु किन मनाईन्छ, यसको महत्व, विशेषताको बारेमा बालबालिकाहरुलाई जानकारि गराईदै खुशि साटासाट गरिन्छ । विद्याथीहरुको जन्मदिन, बाल दिवस, लगाएतका विविध चाडपर्वहरु मनाउदा यस्ता भिन्न क्षमता भएका बालबालिकाहरुलाई चाडपर्व हाम्रो रितिथिति संस्कृतिको बारेमा जानकारि हुने साथै साथिहरुसगँ जन्मदिन मनाउनपाउदा धेरै खुशि हुने गरेका छन् ।



सि आशा फाउण्डेसन द्धारा सञ्चालित आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द मा अध्ययनरत विद्यार्थी हरु तिजमा दर खाने, दशैमा टिका लगाउने, बालदिवशको अवसरमा बालबालिका भित्र रहेका विविध क्रियाकलाप, गित गाएन, नृत्य प्रदर्शन, खेलकुद लगाएतका गतिविधिहरु गर्न पाउदा उत्साहित हुने गरेका छन् । साथिहरुमा एकआपसमा शुभकामना आदान प्रदान गर्ने, कार्डहरु बनाउनको लागि शिक्षकको मद्दत लिने गरेका छन् ।

**आशाको किरणले समाज रगिंयो ।**
**आशाको मायाले खुशि थपियो ।**
**आशाको सुमनले उर्जा भरियो ।**



